
# संसद्‌मा बीपी



**प्रकाशक :**

केन्द्रीय प्रचार विभाग, नेपाली कांग्रेस

**सम्पादक :**

डा. मिनेन्द्र रिजाल

**भाषा सम्पादक :**

करुण ढकाल

**कभर/लेआउट :**

देवेन्द्र महत

**संस्करण :**

२०७२ (प्रथम)

**मुद्रण :**

# मेरो भन्नु

आधुनिक नेपालमा भएका सबै क्रान्तिको नेतृत्व गर्ने ऐतिहासिक पार्टी नेपाली कांग्रेसको १३औं महाधिवेशनमा पहिलो जननिर्वाचित प्रधानमन्त्रीको संसद्सँग सम्बन्धित दस्तावेज समेटिएको यो पुस्तक प्रकाशित गर्न पाएकोमा खुसी लागेको छ। बीपी कोइरालाको प्रेरणाबाट राजनीतिमा लागें। विद्यार्थीकालमा नै उहाँसग सामीप्यमा रहेर काम गर्ने अवसर पाएँ। त्यसकारणले पनि प्रजातन्त्रको प्रादुर्भावसँगै संसदीय शासन पद्धतिको विकास र सुदृढीकरणका लागि बीपी कोइरालाद्वारा अभिव्यक्त विचार समेटिएको यो पुस्तक तयार पार्न पाएकोमा मलाई सुखानुभूति छ।

हिजोआजजस्तो सशक्त नागरिक समाज, मिडिया र प्रविधिको सुविधा नभएको, शिक्षा र चेतनाको दृष्टिले निक्कै पछाडि परेको त्यो समयमा संसदीय प्रजातान्त्रिक व्यवस्थालाई जिम्मेवार र उत्तरदायी बनाउन निकै मेहनत गरिएको थियो, पुस्तकमा समेटिएका दस्तावेजले त्यही देखाउँछ।

संसद्लाई अन्य विकसित प्रजातान्त्रिक मुलुकको तुलनामा जनताप्रति जिम्मेवार र उत्तरदायी संस्थाको रूपमा विकसित गर्न तत्कालीन प्रधानमन्त्री बीपी कोइराला स्वयंले उच्च प्राथमिकता दिनुभएको थियो। पछिल्लो समय संसद्मा प्रश्नोउत्तर कार्यक्रम कर्मकाण्डमा मात्र सीमित हुन पुगेको छ। प्रतिनिधिसभा रहँदासम्म केही हदसम्म मन्त्रीहरूले सांसदका प्रश्नका जबाफ दिने गर्थे तर संविधानसभा आएपछि त्यो परम्परा नाममात्रमा सीमित छ। संवाद होइन, सांसदका प्रश्नको मन्त्रीहरूले एकमुष्ठ जबाफ दिने चलन आएको छ। पूरक प्रश्नको प्रचलन हटेजस्तै छ। नीति तथा कार्यक्रममा प्रधानमन्त्रीले जबाफ दिने बेलामात्रै संसद् जीवन्त देखिन्छ। तर, त्यस बेला प्रधानमन्त्री बीपी स्वयंले सांसदद्वारा उठाइएका प्रश्नको जबाफ दिने परम्पराको पृष्ठपोषण गर्नु सामान्य विषय थिएन। यो दस्तावेजले त्यस बेला संसद्मा भएका समृद्ध एवं घनीभूत छलफलको प्रतिनिधित्व गरेको छ। यो पुस्तकको अध्ययन लोकतान्त्रिक पद्धतिको विकासका लागि भोलिका दिनमा समेत हामीलाई संसद् सञ्चालन गर्न उपयोगी हुने विश्वास मैले लिएको छु।

विश्वको सर्वोच्च शिखर सगरमाथामाथि चीनले दाबी गरेपछि बीपीले त्यसबारे संसद्मा दिएका अभिव्यक्ति र संसद्माा भएको ऐतिहासिक बहसले बीपीको बुद्धिमत्ता र कूटनीतिक क्षमतालाई प्रमाणित गरेको छ। उहाँकै परम्परामा परराष्ट्र नीति सञ्चालन गर्न सकेको भए आज हाम्रो कूटनीति निक्कै परिपक्व भइसक्ने थियो। त्यसैगरी मुस्ताङमा नेपाली कर्मचारीलाई चिनियाँ सुरक्षाफौजले हत्या गरेको विषयलाई सुल्झाउन बीपीबाट व्यक्त बुद्धिमत्तापूर्ण अभिव्यक्ति साँच्चिकै प्रेरणादायी र अनुकरणीय छन। पुस्तकमा बीपीले चीनका प्रधानमन्त्री चाउ एन लाई र चाउ एन लाईले बीपीलाई लेखेका ऐतिहासिक पत्र

पनि समावेश गरिएको छ।

बीपीबाट शिक्षा लिन सके संसारकै दूई ठूला अर्थतन्त्र भएका छिमेकी राष्ट्र भारत र चीनबाट हामीले पर्याप्त सहयोग जुटाउन सक्नेछौं। दुई ठूला देशको बीचमा रहेको नेपालजस्तो सानो मुलुकले कसरी अघि बढ्दा हित हुन सक्छ, यसमा बीपीको स्पष्ट दृष्टिकोण थियो भन्ने दस्तावेजहरूबाट बुझ्न सकिन्छ।

समान्यतया बजेटमा उठेका प्रश्नको अर्थमन्त्रीले जबाफ दिने चलन छ। त्यस बेला बजेटका कतिपय विषयमा सांसदले उठाएका प्रश्नको बीपी आफैंले जबाफ दिनुभएको पाइन्छ, जुन कुरालाई त्यति बेला सरकारको नीतिगत प्राथमिकताको आँखीझ्यालका रूपमा हेर्न सकिन्छ। यद्यपि बीपीको आर्थिक नीति के थियो भन्ने विषयमा यथेष्ठ बहस हुन सकेको छैन।

त्यसैगरी महासभामा बीपीले गर्नुभएको बहस र सांसदले उठाएका प्रश्नको जबाफमा बोल्नुभएका कुराबाट प्रजातन्त्रको प्रारम्भमै प्रजातन्त्रका विरोधीहरू चुप लागेर बसेका थिएनन् र त्यसमाथि षड्यन्त्रका तानाबाना बुन्न लागिरहेका थिए भन्ने कुरा बुझ्न सहयोग पुऱ्याउँछ। महासभामा राजाद्वारा मनोनीत सांसदहरूको भूमिका निर्वाचित सरकारविरुद्ध वातावरण बनाउन केन्द्रित थियो। अझ भन्ने हो भने २०१७ साल पुस १ को राजनीतिका लागि जग खन्ने काममा राजाले महासभाको भरपूर उपयोग गरेका थिए। उनले निर्वाचित सरकार र संसद्लाई अपदस्त गरी निरंकुश पञ्चायती व्यवस्था चलाए। राजाको महत्वाकांक्षाले ३० वर्षसम्म मुलुक राजनीतिक अन्धकारमा फस्यो, आर्थिक विकास अवरुद्ध पारियो। बीपीले सुरु गर्नुभएको समावेशी राजनीतिक प्रतिनिधित्वको प्रणाली अवरुद्धमात्र भएन, एउटै भाषा, एउटै भेषको नारामा सामन्तवादतर्फ मुलुकलाई धकेलियो। बीपीले गठन गर्नुभएको त्यस बेलाको मन्त्रिपरिषद्को बनोटबाट समावेशितालाई उहाँले पर्याप्त महत्व दिनुहुन्थ्यो भन्ने प्रमाणित हुन्छ।

समाज विकासका लागि छुवाछूत सम्पूर्ण रूपले अन्त्य गर्नुपर्छ भन्ने स्पष्ट दृष्टिकोण बीपीमा थियो। सामाजिक विभेदप्रति बीपी निकै दुःखी र चिन्तित हुनुहुन्थ्यो। औद्योगिक क्रान्तिले छुवाछूत हटाउँछ भन्ने बीपीको विश्वास थियो भन्ने संसद्को बहसले देखाउँछ। बीपीले औद्योगिक क्रान्तिबिना देश विकास सम्भव छैन भनेर त्यसको जग बसाउनुभयो। निर्वाचित सरकारले पहिलोपटक कारखाना र कारखाना मजदुरसम्बन्धी ऐन बनायो। औद्योगिक विकास निगमको स्थापना गरियो।

बीपीको दृष्टिमा आर्थिक साथ्र्यको जगमा मात्रै दिगो सामाजिक परिवर्तन सम्भव थियो। आज हामीले पहिचान र सामर्थ्यको आधारमा प्रदेश रचना गरेका छौं। बीपीको सोचमा पहिचान र सामर्थ्य दुवैको महत्व त्यसै बेला प्रस्ट रहेछ भन्ने यी दस्तावेजले प्रमाणित गर्छन्।

संसद्लाई प्रभावकारी बनाउन तत्कालीन सभामुख कृष्णप्रसाद भट्टराईको भूमिका कम महत्वपूर्ण छैन। त्यस केलाका चर्चित पत्रकार र विद्वान् व्यक्तित्व

भट्टराईलाई किन प्रतिनिधिसभाले सर्वसम्मत सभामुख बनाएको रहेछ भन्ने उहाँले संसद्मा खेलेको भूमिकाले पुष्टि गर्छ। स्वयं बीपीले भन्नुभएको छ- जवाहारलाल नेहरूको संसद्भन्दा हाम्रो संसद् कम थिएन। त्यसका लागि सभामुख भट्टराईको महत्वपूर्ण भूमिका थियो। त्यति बेला आजजस्तो सूचना सञ्चार प्रविधिको विकास भएको थिएन। त्यस्तो कठिनाइबीच पनि सबै दस्तावेज भावी पुस्ताको नासोका रूपमा जस्ताको तस्तै उहाँले राखिदिनुभयो। हरेक दिन भएका बहसलाई टाइप गराएर आफैंले हस्ताक्षर गरी प्रमाणित प्रति सुरक्षित राख्नुभयो, किशुनजीले। उहाँको संसद् र संसदीय व्यवस्थाप्रतिको प्रतिबद्धता अविचलित थियो भन्ने यी दस्तावेजले देखाउँछन्। यहांनेर यो कुरा भन्नु उपयुक्त देख्छु कि आठ वर्षको जेल जीवनबाट मुक्त भइसकेपछि पनि प्रजातन्त्र पुनर्स्थापनाको संघर्षको क्रममा किशुनजीले आफूलाई 'सभामुख, विघटित प्रतिनिधिसभा' को रूपमा चिनाउन उचित देख्नुभयो। सदैव पञ्चायतको एक नम्बर शत्रु भनेर उहाँले आफ्नो परिचय दिनुहुन्थ्यो।


त्यस बेला संसद्लाई प्रभावकारी कनाउन बीपी, गणेशमान सिंह, सुवर्णशमशेर र किशुनजीको भूमिका विशिष्ट थियो। त्यस्तै, महेन्द्रनारायण निधि, योगेन्द्रमान शेरचन, रामनारायण मिश्र, सरोजप्रसाद कोइराला, बलबहादुर राई, दिवानसिंह राई, सूर्यनाथ दास यादव, द्वारिकादेवी ठकुरानी, परशुनारायण चौधरी, शेख इद्रिस, राधाकृष्ण थारू, भरतशमशेर राणा, बेनीबहादुर कार्की, विश्वबन्धु थापा, रुद्रप्रसाद गिरीलगायतका सांसदको योगदानलाई हामी सबैले स्मरण गर्नुपर्छ।

यो पुस्तकका लागि दुर्लभ दस्तावेज संकलन गरी उपलब्ध गराउने पत्रकार जगत नेपाललाई विशेष धन्यवाद दिन चाहन्छु। त्यस्तै यो पुस्तक तयार पार्न मलाई बारम्बार घचघच्याइरहने भाइ किरण पोखरेललाई पनि धन्यवाद दिन चाहन्छु। कम्प्युटरसम्बन्धी कामको जिम्मा लिने देवेन्द्र महत र भाषा सम्पादनको जिम्मेवारी समाल्ने भाइ करुण ढकाललाई पनि धन्यवाद दिन चाहन्छु।

**डा. मीनेन्द्र रिजाल**
प्रमुख
केन्द्रीय प्रचार विभाग, नेपाली कांग्रेस

# विषय सूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | सगरमाथा विवादबारे प्रधानमन्त्री बीपीको भनाइ | १ |
| २. | मुस्ताङ घटना | ८ |
| ३. | बजेटमाथि उठेका प्रश्नमा बीपीको जबाफ | २१ |
| ४. | २०१७ वैशाख २ गते महासभामा बीपीको गरेको सम्बोधन | २४ |
| ५. | औद्योगिक क्रान्तिले छुवाछूत हटाउँछ | ३१ |
| ६. | २०१७ मा सरकारको नीति तथा कार्यक्रममा उठेका प्रश्नमा बीपीको जबाफ | ३४ |
| ७. | राजाबाट मनोनीत महासभा सदस्यले असहयोग गरे | ३७ |
| ८. | बीपी सरकारको पहिलो नीति तथा कार्यक्रम | ४० |
| ९. | बीपी सरकारको दोस्रो नीति तथा कार्यक्रम | ४६ |
| १०. | दस्तावेज | ५० |



हामी गम्भीर जिम्मेवारी भएका व्यक्ति हौं । भोका जनताको भावना एकातिर रहन्छ हाम्रो सामर्थ्य एकातिर रहन्छ । हामीहरू जनताका प्रतिनिधि हौं । जनताको आर्थिक स्थितिलाई उन्नत गराउनु हाम्रो कर्तव्य र जिम्मेवारी छ ।